# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र ५ गते २०१२ साल

### स्वास्थ्यमन्त्रालयको सूचना

७१० स. अ. ०१३ ८।१२।०१२

नेपालबाट कम्पाउन्डर, नर्स, ड्रेसर, वैद्य, कविराज र यस्तैको जाँच लिनेबारे तपसीलमा लेखिएबमोजिम गर्ने यो निर्णय भएकोले सो बमोजिम गर्न गराउन यो सूचना प्रकाशित गरिएको छ।

तपसील

१. नेपालबासी कम्पाउन्डर, नर्स, ड्रेसर र नर्सहरूको जाँच गर्ने विषय।

[क] कम्पाउन्डरको लागि

विषयः—

[१] औषधीको मात्रा (डोज)

[२] बि. पी. प्रिपेरेसन एण्ड कम्पोजिसन

[३] इन्कम्पाटीबिलिटी

[४] कम्पाउन्डिङ एन्ड डिस्पेन्सिङ



४४४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाठ्य पुस्तकहरू:—

(१) निघण्टु—डा. इन्द्रमान वैद्य।
(२) फर्माकोलजी—पी. एन्. घोष
(३) इन्कम्पाटिविलिटी—डा. इन्द्रमान वैद्य।

[ख] नर्स र ड्रेसरहरूको निमित्त

विषय:—

[१] केयर अफ पेसेन्टस इन्क्लुडिंग रेकर्ड अफ टेम्परेचर, पल्स, रेस्पिरेशन इत्यादि।
[२] पहिलो उपचार [फर्ष्ट एड]
[३] शरीर—विज्ञान [एलिमेन्टरी एनाटोमी एन्ड फिजियोलजी]
[४] युसेज अफ इन्स्टुमेन्टस इन्क्लुडिङ्ग स्टेरिलाइजेशन एण्ड डिस इन्फेक्शन।
[५] ब्याण्डेजिङ

पाठ्य पुस्तकहरू:—

[१] होम नर्सिङ्ग—सेन्ट जन एम्बुलेन्स द्वारा प्रकाशित
[२] पहिलो उपचार (फर्ष्ट एड) ऐ ऐ
[३] ऐ ऐ डा. इन्द्रमान वैद्य
(४) शरीर विज्ञान।

(ग) होमियोप्याथिक प्रयाक्टिसनर्स इत्यादिको जांच गर्ने विषय:—

(क) र (ख) मा लेखिएबमोजिमका विषयहरूमा "बि. पी. प्रिपेरेशन एण्ड कम्पोजिशन" को सट्टामा "होमियोप्याथिक मेटिरिया मेडिका एण्ड फर्माकोपियो", हुनेछ र सोमा थप अरगानन् [organan] भन्ने विषय समेत।

[घ] वैद्य, कविराजहरूको जांच गर्ने विषय:—

[१] द्रव्यगुण ज्ञान—धातु, उपधातु, रस, उपरस, रत्न, उपरत्न, विष, उपविष इत्यादि।
[२] रोग—निदान
[३] शारीरिक—ज्ञान
[४] चिकित्सा—ज्ञान
[५] पारन.षा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाठ्य पुस्तकहरू:—

[१] माधवनिदान
[२] भावप्रकाश निघण्टु
[३] शार्ंगधर संहिता
[४] रसेन्द्रसारसंग्रह
[५] चरक शारीर विज्ञान

२. वैशाख र कार्तिक महिनामा परीक्षा हुने छ र परीक्षा हुने दिनको सूचना समय समयमा प्रकाशित हुनेछ। परीक्षा लिखित र प्राक्टिकल हुवै हुनेछ।

३. लिखित परीक्षा हुने ठाउं-उपत्यकाको लागि:—

[१] एलोप्याथिक तर्फका कंपाउन्डर नर्स ड्रेसरहरूको निमित्त लिखित परीक्षा सिभिल मेडिकल स्कूलमा हुनेछ।

[२] वैद्य कबिराजहरूको निमित्त लिखित परीक्षा नेपाल सरकार आयुर्वेदीय औषधालय नरदेवीमा हुनेछ।

[३] होमियोप्याथिक प्रयाक्टीसनर्सहरूको निमित्त लिखित परीक्षा सिभिल मेडिकल स्कूलमा नै हुनेछ।

प्राक्टिकल परीक्षा हुने ठाउं उपत्यकाका लागि:-

(१) एलोप्याथिक कंपाउन्डर, नर्स, ड्रेसरहरूको निमित्त, सिभिल मेडिकल स्कूल वा वीर अस्पताल जहाँ अनुकूल पर्छ।

[२] वैद्य कबिराजहरूको निमित्त नेपाल सरकार आयुर्वेदीय औषधालय नरदेवीमा हुनेछ।

[३] होमियो प्याथिक प्रयाक्टीसनर्सहरूको निमित्त होमियोप्याथिक डिस्पेन्सरी सुनधारा वा पशुपति होमियो प्याथिक अस्पताल पशुपति जहां अनुकूल पर्दछ।

मोफसलको लिखित प्राक्टीक परीक्षा हुने ठाउं :-

मोफसलका एलोप्याथिक कम्पाउन्डर, नर्स ड्रेसरको होमियोप्याथिक प्रयाक्टीसनर्सहरूको र वैद्य कबिराजहरूको समेत लिखित र प्राक्टिकल दुवै परीक्षा (१) वीरगंज [२] नेपालगंज [३] बिराटनगरका सरकारी अस्पतालमा नै हुनेछ।

२२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. नेपाल र भारत सरकारको स्वीकृति प्राप्त विद्यालय महाविद्यालयहरुबाट पास भएका व्यक्तिहरुले बाहेक अरु सबैले परीक्षामा उपस्थित हुनुपर्दछ ।

५. दरखास्ततर्फ लेखिएको ढांचामा [१] सिभिल मेडिकल स्कूलको सुपरिन्टेन्डेन्ट [२] सुपरिन्टेन्डेन्ट कविराज नेपाल सरकार आयुर्वेदीय औषधालय सिंहदरबार र [३] हेड अफ् दि होमियोप्याथिक डिपार्टमेन्ट–होमियोप्याथिक औषधालय सुन्धाराबहां पठाउनुपर्दछ ।

दरखास्तको नमूना:–

महाशय,

म … … … … … को नाति, नी … … को छोरा । छोरी उमेर … … को … … … … थलन … … … … अस्पताल । डिस्पेन्सरी । औषधालयमा; । प्राइभेट … वर्ष सम्म काम गरिएकेको छु । तसर्थ मेरो … … … … को परीक्षा दिने इच्छा भएकाले यो दरखास्त गरेको छु । सो परीक्षा दिन पाउं । फी दस्तुर मोरु … रुपैञा यसैसाथ नत्थी गरैको छु । आफ्नो अनुभवका प्रमाणपत्रपनि यसैसाथ पेश गरेको छु ।

भवदीय

अस्पताल । डिस्पेन्सरी

औषधालय

६. नं. बी. सरकारी नोकरीमा बहाल रहेकोले मोरु ५ पांच परीक्षा फि र गैर सरकारी व्यक्तिहरुले मोरु १५ पन्ध्र परीक्षा फि दरखास्तसाथ पेश गर्नु पर्दछ । पास भएका समस्त व्यक्तिहरुले प्रमाणपत्र लिंदा मोरु १० । दश दाखिला गर्नु पर्दछ । गैर सरकारी व्यक्तिहरुले आफूले गरेका कामको प्रमाणपत्र पेश गर्दा पंचायत या टोल रक्षा संघका अध्यक्ष र सरकारी अड्डाका हाकिम गजेटेड अफिसरको र पचायत, टोल रक्षा संघ नभए हाकिम गजेटेड अफिसर दुइजनाको सिफारिस समेत पेश गर्नु पर्दछ । पहाडी गाउंमा रहेका व्यक्तिहरुले चाहिं आफ्नु तालुकको शिफारिस पेश गर्नु पर्दछ ।

आज्ञाले—

माधवलाल शर्मा आचार्य,

का. मु. सेक्रेटरी—स्वास्थ्य मन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।